# रौतामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

## *शिलबन्दी दररेट सम्बन्धि सूचना*

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०२

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको सडकहरु मर्मत गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा शिलबन्दी दररेट पेश गर्नु हुन सम्बन्धीत सबैमा जानकारी गराइन्छ । शिलबन्दी दररेट सम्बन्धि विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश नेपाल


पत्र संख्या:- ०७९/८०
च.न. :-

सूचना सूचना सूचना

**विषय:- ब्याकहोए लोडर दररेट माग गरिएको सम्बन्धमा ।**

प्रथम पटक प्रकासित मिति २०७९।०५।०२

रौतामाई गा.पा. अर्न्तगत तपसिलको सडक वर्षाको पानीले क्षति पुर्याएकोमा ब्याकहोए लोडर प्रयोग गरी मर्मत सम्भार गनुपर्ने भएको हुँदा ईच्छुक व्यक्ति/फर्म/कम्पनीले मेसिनरी औजार उपकरण प्रयोग गरी सडक मर्मत गर्न प्रति घण्टाको दररेट उल्लेख गरी मिति २०७९।०५।०२ गते देखि मिति २०७९।०५।१६ गते सम्म १२:०० बजे भित्र सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न साथै निर्धारित समयमा पेश भई दर्ता भएका सिलबन्दी दररेटहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.न | विबरण<br>आ.व. २०७९/०८० को लागी | ब्याकहोए लोडर<br>दररेट प्रतिघण्टा (अंक र अक्षर दुबैमा) |
|---|---|---|
| १ | मुर्कुची-पुवारे-पाँबु -भुट्टार सडक मर्मत | |
| २ | निकास-गोगने -रबुवा-धमिनी भुट्टार सडक मर्मत | |
| ३ | भुट्टार -लाफागाउँ -रसुवाघाट -सोरुखु सडक मर्मत | |
| ४ | भुट्टार-रामेटार -बोझ्रेपानी -माझखर्क सडक मर्मत | |
| ५ | पुंवारे-माझखर्क सडक मर्मत | |
| ६ | पोखरी -डाँडागाउँ - हुँदै निकास सडक मर्मत | |
| ७ | सल्ले-हात्तिपाइले-कटहरे सडक मर्मत | |
| ८ | मुर्कुची -रानीवास -रौता चिसापानी सडक मर्मत | |
| ९ | फोक्सीन्टार - चनौटे सडक मर्मत | |
| १० | मुर्कुची -गुँरासे सडक मर्मत | |
| ११ | सल्ले-निगाले-बाँसबोटे-रुवाला सडक मर्मत | |
| १२ | भुट्टार - ओखेनी सडक मर्मत | |
| १३ | सल्ले -भदौरे -पोखरी -भुट्टार सडक मर्मत | |

प्रमुख प्रशासकीय अधिकृत

# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर

१ नं. प्रदेश नेपाल

पत्र संख्या:- ०७९/८०

च.नं. :-

(क) दररेट अक्षर-अंकमा स्पष्ट हुने गरी प्रतिघण्टा उल्लेख गर्नुपर्ने छ र सो मा मू.अ.कर, अग्रिम कर, ईन्धन, खाना खर्च र अपरेटर खर्च समेत समावेश हुने गरी दररेट पेश गर्नुपर्ने छ।

(ख) आ.व.२०७७/०७८ को फर्मको कर चुक्ताको प्रमाणपत्रको फोटोकपि र २०७९ आषाढ मसान्त सम्म नविकरण भएको फर्मको फोटोकपि पेश गर्नुपर्ने छ।

(ग) नागरिकताको फोटोकपि पेश गर्नुपर्ने छ।

(घ) मेसिनको ब्लुबुकको फोटोकपी/अपरेटरको लाइसेन्सको फोटोकपि संलग्न गरी पेश गर्नुपर्ने छ।

(ङ) उपर्युक्त बिवरण र दररेट सिलबन्दी गरी पेश गर्नुपर्ने छ। साथै

पेश भएको दररेट अनुसार सडक मर्मत गर्ने कार्य सम्झौता भएको मिति देखि २०७९ मंसिर मसान्त सम्म हुनेछ।

(च) सिलबन्दी दररेट पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट तत् समयमा पेश गर्न सकिनेछ। म्याद भित्र पेश नभएका सिलबन्दी दररेटलाई मान्यता दिइनेछैन।

(छ) ब्लुबुकमा उल्लेख भएको मेशिन/उपकरण बाहेक अन्य मेशिन/उपकरण प्रयोग गर्न पाइनेछैन। प्रयोग गरेको पाइएमा भुक्तानी रोक्का गरी नियमानुसार कार्वाही गरिनेछ।

(ज) प्रत्येक व्यक्ति/फर्म/कम्पनी ले घटीमा २ वटा ब्याकहोए लोडरको स्वयं व्यक्ति/फर्म/कम्पनीको स्वामित्व भएको ब्लुबुक पेश गर्नुपर्नेछ, एक वटा मात्र ब्याकहोए लोडर भएको व्यक्ति/फर्म/कम्पनीले अर्को व्यक्ति/फर्म/कम्पनी संग मन्जुरीनामा लिई भाडामा लिएको कागजात र ब्लुबुक सहित २ वटा ब्याकहोए लोडरको कागजात तथा ब्लुबुक पेश गर्नुपर्नेछ।

(झ) दररेट पेश गर्दा कार्यालयको स्विकृत दररेट ब्याकहोए लोडर मू.अं.क. सहित रु२६००।० भन्दा बढी पेश गरेमा उक्त सिलबन्दी दररेट स्वत: अस्विकृत हुनेछ।

(ञ) मेशिनको मिटर रिडर नबिग्रेको अवस्थामा हुनुपर्ने र कामको शुरुवात भए पश्चात मेशिनको मिटर रिडर बिग्रेको खण्डमा सम्वन्धित व्यक्ति/फर्म/कम्पनी नै स्वयं जिम्मेवार हुनुपर्नेछ र बिग्रेको घण्टाको कामको दावि सम्वन्धित पक्षले गर्न पाइने छैन।

(ट) सूचनामा उल्लेख भएका सडकहरु बाहेक अन्य सडकमा मेशिन प्रयोग गर्न पाइनेछैन्। प्रयोग गरेको पाइएमा कार्यालयले सो सडकमा काम गरेको घण्टा भुक्तानी गर्ने छैन साथै प्रत्येक वडामा काम शुरु गर्दा सम्बन्धित वडाको प्राविधिकबाट शुरु घण्टा र अन्तिम घण्टा अनिवार्य रुपले प्रमाणित गराउनुपर्नेछ।

अन्य केही बुझ्नु परेमा सम्पर्क राख्नु होला : मो. ९८५२८३५६३१

मो ९८४२८९१७४३

नि. प्रमुख प्रशासकीय अधिकृत